म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २१८ बुधबार, ११ चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 25 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भिरबाट लडेर एक बालिकाको मृत्यु

हेटौंडा, १० चैत/मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-३ स्थित चुत्रोघारीडाँडा जंगलमा भिरबाट लडेर एक बालिकाको मृत्यु भएको छ ।

सोमबार घाँस काट्न गएकी सोही वडाको जातिपोखरी निवासी वीरेन्द्र वाइबाकी नौ वर्षीया छोरी लमिना वाइबाको भिरबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।

सोमबार घाँस काट्न गएको र फर्केर नआएपछि खोजतलास गर्दै जाने क्रममा भिरबाट लडेर लमिनाको मृत्यु भएको अवस्थामा फेला परेको प्रनाउ बोगटीले बताए । बालिकाको शव परीक्षणका लागि अस्पताल ल्याउने तयारी भइरहेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### वन डढेलो जोखिममा मकवानपुर देशकै १८ औं स्थानमा

# प्रत्येक सामुदायिक वनमा २ जना वन हेरालु परिचालन

साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/ मकवानपुरमा वन डढेलोको घटना यसवर्ष उल्लेखनीयरुपमा घटेको देखिएको छ । २०८१ फागुनदेखि २०८२ जेठसम्म ५ सय ७४ दशमलव २५ हेक्टर वनक्षेत्र डढेलोबाट प्रभावित भएको थियो ।

यो अवधिमा डढेलोका कारण १ सय २ वटा रुख, १ हजार एक सय ३७ खम्बा, १० हजार दुई सय ९९ लाथ्रा तथा १ लाख ३५ हजार ६२ वटा बिरुवामा क्षति पुगेको तथ्यांक मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । यस आर्थिक वर्षको चैत महिनामा मात्रै वन डढेलो लागेको थियो । चैत्र महिनामा ५ हेक्टर क्षेत्रफलमा डढेलो लागेको वन कार्यालयले जनाएको छ । मकवानपुर जिल्ला देशका ७७ जिल्लामध्ये वन डढेलोको उच्चजोखिममा पर्ने १८ औं स्थानमा रहेको बताइएको छ ।

यसअवधीमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि कार्यालयले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाइएको छ । पानीपोखरी तथा सिमसार व्यवस्थापन अन्तर्गत २१ स्थानमा नयाँ पोखरी निर्माण भइरहेको छ भने २ सय २५ हेक्टर वनक्षेत्रमा थिनिङ (पत्ल्याउने) कार्य सम्पन्न भइसकेको छ । यसैगरी ३८ हेक्टर बिग्रिएको वनक्षेत्रको पुनरुत्पादन कार्य अगाडि बढाइएको छ भने ५ सय हेक्टर भन्दा बढी क्षेत्रमा झाडी सरसफाइ



तथा मिचाहा प्रजाति नियन्त्रण गरिएको छ । वन डढेलो नियन्त्रणका लागि ३७ दशमलव १ किलोमिटर पुरानो अग्निरेखा सरसफाइका साथै ४ किलोमिटर नयाँ अग्निरेखा निर्माणकार्य गरिएको छ ।

डिभिजन वन कार्यालय मार्फत् १० वटा र सामुदायिक वन उपभोक्ता समितिमार्फत् ५ वटा गरी १५ वटा पात फुक्ने मेसिन प्रयोगमा ल्याई सुकेका पात व्यवस्थापन गरिएको छ । कार्यालयकाअनुसार डढेलोको सूचना प्राप्त भएको १०-१५ मिनेटभित्रै परिचालन हुने अग्निनियन्त्रण टोली तयारी अवस्थामा राखिएको छ भने सम्बन्धित निकायको समन्वयमा २ देखि ३ घण्टाभित्र डढेलो नियन्त्रणमा लिने प्रयास भइरहेको बताइएको छ । यसैबीच, २०८२ फागुनदेखि २०८३ जेठसम्म प्रत्येक सामुदायिक वनमा कम्तिमा २ जना वनहेरालु परिचालन गरिएको छ । संघीय वन तथा वातावरण मन्त्रालयले डढेलो नियन्त्रणमा खटिने जनशक्तिका लागि ५ लाख रुपैयाँको सामूहिक दुर्घटना बीमा गरेको छ ।

चैत्र १ देखि ७ गतेसम्म भएको वन डढेलो व्यवस्थापन अन्तर्गत ८ वटै सबडिभिजन वन कार्यालयमार्फत सचेतनामूलक र्‍याली, विद्यालय कार्यक्रम, माइकिङ, नियन्त्रित डढेलो अभ्यासलगायत कार्यक्रम सञ्चालन गरिएको डिभिजनल वनप्रमुख राकेशकुमार चन्द्रवंशीले जानकारी दिएका छन् । कार्यक्रममा वनअधिकृत हेमकुमार पाठकले आफ्नो प्रस्तुतीमार्फत वन डढेलो नियन्त्रणका लागि यसअघि गरिएका प्रयास र आगामी दिनमा अपनाइने रणनीतिबारे धारणा राखेका थिए । वनक्षेत्रमा डढेलो लाग्नुका प्रमुख कारण मानवीय लापरबाही, अव्यवस्थित घाँसदाउरा संकलन, जथाभावी आगो बाल्ने प्रवृत्ति र मौसमीय प्रभाव रहेको उल्लेख गर्दै यसलाई न्यूनीकरण गर्न समुदायस्तरबाटै सजगता आवश्यक रहेको बताएका छन् ।

वन डढेलो नियन्त्रणका लागि स्थानीय तह, सुरक्षानिकाय, सामुदायिक वन समूह तथा सर्वसाधारण बीच सहकार्य अझै मजबुत बनाउनु पर्नेमा जोड दिइएको छ । डिभिजन वन कार्यालयले यसवर्ष हालसम्म विगतका वर्षमा जस्तो ठूलो क्षति हुनेगरी वन डढेलोका घटना नदेखिएको दाबी गरेको छ । यसलाई प्रारम्भिक चरणदेखि नै गरिएको पूर्वतयारी, जनचेतना अभिवृद्धि र निगरानी प्रणालीको प्रभावका रुपमा लिइएको छ । आगामी दिनमा तापक्रम बढ्दै जाने र सुख्खा मौसम लम्बिँदै जाने भएकाले डढेलोको जोखिम अझै उच्च रहने भन्दै कार्यालयले थप सतर्कता अपनाउने जनाएको छ । यसका लागि वनक्षेत्रमा नियमित गस्ती, अग्निरेखा निर्माण, द्रुत उद्दार टोली तयारी तथा आवश्यक उपकरण व्यवस्थापनलाई प्राथमिकता दिइने पाठकले जानकारी दिए ।

मकवानपुरमा २५ वर्षको अवधिमा सबैभन्दा बढी २०१३ मा १२ हजार दुई सय २१ दशमलव ३ हेक्टर वनक्षेत्र नोक्सान भएको थियो भने २०२१ मा ६ हजार ९ सय ७९ दशमलव ९ हेक्टर वनक्षेत्र डढेलोका कारण नोक्सान भएको डिभिजन वनप्रमुख चन्द्रवंशीले जानकारी दिए । तथ्यांकअनुसार बागमती गाउपालिका र बकैया गाउँपालिका वनक्षेत्र डढेलोको उच्चजोखिममा रहेका छन् ।

### समपूरक र विशेष अनुदान लिन तीन हजार पाँच सय आयोजना प्रस्ताव

# स्थानीय तहबाट तीन हजार ३५८ र प्रदेशबाट १४० आयोजना




साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/ आगामी आर्थिक वर्ष २०८३/८४ का लागि संघीय सरकारबाट समपूरक र विशेष अनुदान लिन प्रदेश र स्थानीय तहबाट करिब तीन हजार ५०० आयोजनाको प्रस्ताव आएको छ ।

राष्ट्रिय योजना आयोगका अनुसार स्थानीय तहबाट तीन हजार ३५८ र प्रदेशबाट १४० आयोजना तथा कार्यक्रमको प्रस्ताव परेको हो । आयोगले आगामी आवका लागि संघीय समपूरक र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि गत माघ मसान्तभित्र प्रस्ताव पेस गरिसक्न भनेको थियो । आयोगका सहायक प्रवक्ता डा. दिवाकर लुइँटेलका अनुसार हाल आयोगमा प्राप्त योजना तथा कार्यक्रमको लागत अनुमान तथा विश्लेषण र छनोट भइरहेको छ ।

'समपूरक र विशेष अनुदानका लागि प्राप्त बजेट सिलिङ र प्राप्त योजना तथा कार्यक्रमको आवश्यकता, कार्यान्वयन पूर्वतयारी, आवश्यक कागजातलगायत विवरण अध्ययन भइरहेका छन्' उनले भने । आयोगकाअनुसार आगामी आर्थिक वर्षका लागि यी शीर्षकको अनुदान लिन दुई हजार ८२० नयाँ र ६७८ वटा क्रमागत योजना तथा कार्यक्रमको प्रस्ताव परेको छ । नयाँ योजना तथा कार्यक्रमतर्फ विशेष अनुदान लिन एक हजार ४६४ र समपूरक अनुदान लिन एक हजार ३५६ वटा प्रस्ताव परेका छन् ।

क्रमागत आयोजना तथा कार्यक्रमका लागि विशेषतर्फ २२० र समपूरकतर्फ ४५८ आयोजनाको प्रस्ताव परेको आयोगले जनाएको छ । आयोगले प्रदेश र स्थानीय तहसँग यी शीर्षकमा अनुदान लिनका लागि योजना तथा कार्यक्रम माग गर्दा समपूरक अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को प्रावधानभित्र रही प्रस्ताव पेस गर्न भनेको थियो ।

जसअनुसार प्रदेश र स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रस्ताव पेस गर्न भनिएको थियो ।

प्रदेशको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोगले तयार पारेको प्राथमिकीकरणसहितको सिफारिस तथा प्रदेश सरकारको सिफारिस र स्थानीय तहको हकमा कार्यपालिकाबाट सिफारिस पनि अनिवार्य गरिएको छ । समपूरक र विशेष अनुदानका लागि आयोगको विद्युतीय सूचना व्यवस्थापन प्रणाली मार्फत प्राप्त प्रस्तावलाई मात्र हेरिने आयोगले जनाएको छ । कार्यविधि अनुसार यी शीर्षकमा अनुदान लिन आयोजनाको सम्भाव्यता अध्ययन, 'ड्रइङ', 'डिजाइन', 'स्पेसिफिकेसन' सहितको विस्तृत विवरणको लागत अनुमान पेस गर्नुपर्ने हुन्छ । वातावरणीय अध्ययन प्रतिवेदनलगायत कागजात आवश्यक हुन्छ ।

अनुदान माग गर्ने स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्ले निर्णय गरेको हुनुपर्ने व्यवस्था कार्यविधिमा छ ।

# संस्थागत क्षमता अभिवृद्धि कार्यशाला



साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/नेपाल होचा पुड्का संघको आयोजना तथा काठमाडौं महानगरपालिकाको सहयोगमा दुईदिने संस्थागत क्षमता अभिवृद्धि तथा कार्यशाला गोष्ठी मंगलबारदेखि काठमाडौंको डिल्ली बजारमा सुरु भएको छ ।

संघकी अध्यक्ष बिन्दा दुलालको अध्यक्षतामा सुरु भएको कार्यक्रममा अपाङ्ग सरोकार केन्द्र मकवानपुरका अध्यक्ष गणेशचन्द्र दवाडीले प्रशिक्षकका रुपमा सहजीकरण गरेका हुन् । कार्यशालामा सहभागीलाई प्रतिवेदनको अवधारणा, संस्थागत व्यवस्थापन, वित्तीय व्यवस्थापन, पैरवी रणनीति तथा प्रस्तावनासम्बन्धी विषयमा विस्तृत जानकारी प्रदान गरिनेछ । प्रस्तावना लेखनको उद्देश्य र यसको व्यवहारिक पक्षबारे पनि प्रशिक्षण दिइने कार्यक्रम रहेको छ ।

कार्यक्रमको दोस्रो दिन नेपाल होचा पुड्का संघको संक्षिप्त रणनीतिक दस्तावेज प्रस्तुत गरिनेछ । यो प्रस्तुतीकरणसँगै कार्यशाला औपचारिकरुपमा समापन गरिने आयोजकले जनाएको छ ।

कार्यक्रममा संस्थाका कानुनी सल्लाहकार राजुप्रसाद रिमाल, कलाकार तथा नाटककार जेभी डिसीलगायत सरोकारवालाको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# सात महिनामा वैदेशिक अध्ययनमा ६४ अर्ब बाहिरियो


साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/चालु आर्थिक वर्ष २०८२/८३ को सात महिनामा उच्चशिक्षाका नाममा ठुलो रकम बाहिरिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार शिक्षातर्फको व्यय ६४ अर्ब १५ करोड रुपैयाँ बराबर पुगेको छ ।



तथ्यांकअनुसार सेवाखाताअन्तर्गत भ्रमण व्यय १०.६ प्रतिशतले वृद्धि भई १ खर्ब १५ अर्ब ८८ करोड रुपैयाँ पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय ६४ अर्ब १५ करोड रुपैयाँ रहेको हो । बैंककाअनुसार अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय १ खर्ब ४ अर्ब ७५ करोड रहेकामा शिक्षातर्फको व्यय ६६ अर्ब ६४ करोड रुपैयाँ थियो । यो अवधिमा खुद सेवाआय ५० अर्ब २२ करोड रुपैयाँले घाटामा रहेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा खुद सेवाआय ३६ अर्ब ३८ करोड रुपैयाँले घाटामा थियो । सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय सात दशमलव सात प्रतिशतले वृद्धि भई ४९ अर्ब २१ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ४५ अर्ब ६८ करोड रुपैयाँ थियो ।




साझाकुरा

## हाम्रो कुरा

# प्राकृतिक विपद्बाट भएको क्षति

प्राकृतिक तथा गैरप्राकृतिक विपद्का कारण बागमती प्रदेशमा एक दशकको अवधिमा साढे १६ हजार परिवार प्रभावित भएका छन् । विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने दक्षजनशक्तिको अभावले समस्या देखिएको छ । जोखिमयुक्त क्षेत्रको पहिचान र जोखिम विश्लेषणका लागि भूगर्भविद्लगायतका प्राविधिक जनशक्ति, बागमती प्रदेशभर भएका विपद्का घटना र गरिएका कार्यको एकीकृत विवरण राख्ने प्रणाली र त्यसमा पहुँचको अभाव हुँदा कार्यसम्पादनमा समस्या छ । विपद्को समयमा आवश्यक पर्ने राहत र उद्दार सामग्रीको मौज्दात तथा खाद्यान्न, गैरखाद्यान्न सामग्री र उद्दारका आधुनिक उपकरणको अभाव रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयकाअनुसार विपद् व्यवस्थापनका लागि तोकिएका विभिन्न विषयगत क्षेत्रहको क्रियाशीलतामा कमी र सरकारी निकायबीच प्रभावकारी समन्वय र सहकार्य हुन नसक्नुले व्यवस्थापनलाई थप जटिल बनाएको छ । २०७२ देखि २०८२ सम्मको अवधिमा प्रदेशभर छ हजार ८३९ विपद्का घटनामा १६ हजार ६५३ परिवार प्रभावित भएका छन् ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा आयोजित कार्यक्रममा सार्वजनिक गरेको तथ्यांकअनुसार विपद्का कारण एक हजार ३८ जनाको मृत्यु भएको छ । १८१ जना बेपत्ता र दुई हजार ३११ जना घाइते भएका छन् । यस अवधिमा पाँच हजार ८९६ आंशिक तथा चार हजार ७२७ घरमा पूर्णक्षति पुगेको छ । विपद्का कारण करिब छ अर्ब ९५ करोड ४१ लाख ७१ हजार ७१८ रुपैयाँ बराबरको क्षति भएको अनुमान मन्त्रालयले गरेको छ । मन्त्रालयले प्रस्तुत गरेको तथ्यांकअनुसार जिल्लागतरुपमा सबैभन्दा बढी काभ्रेपलाञ्चोकमा पाँच हजार ४७८ परिवार प्रभावित भएका छन् । काठमाडौंमा दुई हजार ६७९, चितवनमा एक हजार ५८९, रसुवामा एक हजार ३११ परिवार प्रभावित भएका छन् । मकवानपुरमा ९५५, सिन्धुपाल्चोकमा ८४२, ललितपुरमा सात सय, सिन्धुलीमा ६४७, रामेछापमा ६०९, दोलखामा ४५३, नुवाकोटमा ४२९, धादिङमा ४२६ र भक्तपुरमा ५३५ परिवार प्रभावित भएका छन् । काठमाडौँमा एक हजार ७७८ विपद्का घटनामा ११३ जनाको मृत्यु भएको थियो । भक्तपुरमा ४५९ घटनामा १९ जनाको मृत्यु भएको छ भने ललितपुरमा छ सय घटनामा ७८ जनाले ज्यान गुमाएका छन् । त्यसैगरी मकवानपुरमा ७३५ घटनामा ११२, चितवनमा ५६३ घटनामा १४१, धादिङमा ३२६ घटनामा ९० जनाको मृत्यु भएको छ । नुवाकोटमा २९९ घटनामा ३६, रसुवामा २३० घटनामा ५३ जनाको मृत्यु भएको छ । सिन्धुपाल्चोकमा ४४१ घटनामा ११६, काभ्रेपलाञ्चोकमा ४६० घटनामा ११९, सिन्धुलीमा ३५० घटनामा ६८, रामेछापमा २५१ घटनामा ४१ र दोलखामा ३४७ घटनामा ४४ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

एक दशकको अवधिमा प्रदेशमा ९२८ पहिरोका घटनामा ४६७ जनाको मृत्यु भई छ हजार ५९२ परिवार प्रभावित भएका छन् । चार हजार २३ आगलागीका घटनामा १८० जनाको मृत्यु भएको छ भने चार हजार ९४८ परिवार प्रभावित भएका छन् । ३७२ चट्याङका घटनामा ११४ र ३४१ बाढीमा १०० जनाको मृत्यु भएको छ । जनावरका कारण ३३८ घटनामा ७३ जनाको मृत्यु भएको छ भने चार पटकको हवाई दुर्घटनामा २३ जनाले ज्यान गुमाएका छन् । भारी वर्षा, हावाहुरी, लेकलाग्ने, जंगलमा आगलागी, सर्पदंश, हिमपहिरो र ढुंगा दुर्घटनाबाट पनि मानवीय क्षति भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । मन्त्रालयले मनसुनजन्य तथा आगलागीजन्य विपत् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि १६ करोड ५७ लाख पाँच हजार रुपैयाँ लागत साझेदारी उपलब्ध गराएको जनाइएको छ । स्थानीय तहमा स्वयंसेवक समूह गठन, राहत सामग्री वितरण, क्षमता विकास तालिम, सचेतनामूलक कार्यक्रम तथा कृत्रिम अभ्यास सञ्चालन गर्दै आएको जानकारी दिइएको छ । विपद्का कारण ठूलो क्षति व्यहोर्दै आएको बागमती प्रदेशमा विपद् व्यवस्थापनका कार्य अझै चुनौतीपूर्ण देखिएको छ । विपद् जोखिमको वित्तीय व्यवस्थापनका लागि बीमा गर्ने परिपाटीको अभाव पनि ठूलो समस्याको रुपमा देखिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत १२ गते बिहीबार २६ मार्च २०२६ । अष्टमी, चैत्र कृष्णपक्ष । चौल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:४ सूर्यास्त ६:१७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आलोचनामा वृद्धि | **तुला** | : मान्यजनबाट विवाद |
| **वृष** | : यात्रामा अवरोध | **वृश्चिक** | : अहमपनले कार्यमा हानि |
| **मिथुन** | : व्यवसायमा सफलता | **धनु** | : शत्रु नाश |
| **कर्कट** | : मान हानिले खिन्नता | **मकर** | : परिवारमा कलह |
| **सिंह** | : धर्मकार्यमा खर्च | **कुम्भ** | : रोग नाश |
| **कन्या** | : न्यायिक कार्यमा सफलता | **मीन** | : अशुभ समाचार सुन्नुपर्ने |

# असामान्य विश्व व्यवस्थामा नेपालको भूमिका



✍ अस्मिता बर्मा

पछिल्लो अन्तर्राष्ट्रिय वृत्तचित्रमा गएको वर्ष अर्थात् सन् २०२५ मा मात्रै एशियाभर फैलिएका जेनजी प्रदर्शनले पश्चिम अफ्रिकाका मुलुकहरू टोगोदेखि मडागास्कर हुँदै क्यारेबियन क्षेत्रसम्म र विश्वका अन्य भागहरूसम्म पनि प्रभाव पारेको देखिन्छ । यी प्रदर्शनहरूको परिणामस्वरुप मडागास्कर र नेपाल जस्ता देशमा जनताकै मतबाट निर्माण भएका सत्ता समाप्त भए । यी मुलुकले जेनजी विद्रोहकै कारण निकै ठूलो सङ्कट व्यहोरे । नेपाललगत्तै मडागास्करमा जेनजी विद्रोह शुरु भएको थियो । मडागास्करमा भएको प्रदर्शनमा सेनाको ठूलो हस्तक्षेप रह्यो । हाल सेनाका एक जना कर्णेल राष्ट्रपति बनेका छन् । त्यसयता मडागास्करको भविष्य अनिश्चित बनेको छ ।

नेपालको सन्दर्भमा जेनजीकै माग अनुरूप समयअघि नै प्रतिनिधिसभा विघटन गरी पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार गठन गरियो । कार्कीलाई प्रधानमन्त्री बनाउन जेनजीहरूले नै डिस्कर्ड मार्फत अनुमोदन गरेका थिए । कार्की सरकारले तोकिएकै फागुन २१ अर्थात् मार्च ५ मा निर्वाचन सम्पन्न गरायो । जनताको जनादेश अनुसार आउँदो साता नयाँ सरकार गठन हुनेछ । जेनजी नेतृत्वमा भएका पछिल्ला एशियाकेन्द्रित विद्रोहपछि जहाँ जहाँ निर्वाचन भए, त्यहाँको निर्वाचन परिणाम भने जेनजीको पक्षमा निकै न्यून देखिएको छ । नेपाल भने अपवाद बन्यो ।

नीति-निर्माणमा आउने युवा चाहनालाई ती देशका मतदाताले अस्वीकार गरेका छन् । जस्तै, नेपालको आडैमा रहेको बंगलादेशमा नेपालभन्दा केही दिनअघि आमनिर्वाचन सम्पन्न भएको थियो । सन् २०२४ को मध्यतिर शेख हसिना शासन विरुद्ध ठूलो विद्यार्थी आन्दोलन भयो । युवाहरूको अगुवाइमा भएको आन्दोलनले हसिनाको सरकार ढाल्यो । उनी सत्ताच्यूत मात्रै भइनन्, देशै छाडेर भारतको शरण लिनुपर्ने अवस्थामा पुगिन् । नोवेल पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार बन्यो । त्यसले १३ फेब्रुअरी २०२६ मा आमनिर्वाचन तथा जनमत संग्रहको आयोजना गऱ्यो । सो निर्वाचनले आन्दोलनको नेतृत्व गरिरहेका युवालाई निराश बनाइदियो ।

आन्दोलनपछि 'नेसनल सिटीजन पार्टी' दर्ता गरी युवाहरू निर्वाचनमा सहभागी भएका थिए । उनीहरूले केही प्रतिशत मत मात्र जित्दा पूर्वप्रधानमन्त्री बेगम खालिदा जियाका छोरा तरिक रहमानले नेतृत्व गरेको बंगलादेश नेशनल पार्टी (बीएनपी) ले प्रचण्ड बहुमत प्राप्त गऱ्यो । यो पार्टीले १५ वर्षपछि सत्तामा पुनरागमन गऱ्यो । बंगलादेशको निर्वाचन परिणामबारे त्यसबेला नेपालमा पनि निकै चर्चा भएको थियो । चर्चा पाउनुको प्रमुख कारण नेपाल पनि निर्वाचनको सँघारमा थियो । यहाँ परम्परागत राजनीतिक दलहरू र साढे तीन वर्षअघि खुलेको राष्ट्रिय स्वतन्त्र पार्टी बीच प्रतिस्पर्धाको अनुमान गरिएको थियो । यसको खास कारण थियो, जेनजी आन्दोलनको आइकन भनेर विश्वव्यापी ब्रान्डिङ गरिएका बालेन्द्र शाहको रास्वपा प्रवेश ।

**अस्मिता बर्मा**

जेनजी आन्दोलनपछि नेपालमा पनि बंगलादेशमा जस्तै युवा समूहले नयाँ दल निर्माणको प्रयास गरेका थिए । नयाँ दल गठन गर्नु आफैंमा सहज कुरा थिएन । राजनीतिक दलका विचारात्मक र आर्थिक दृष्टिकोण हुन्छन् । जेनजीका सबैभन्दा बलियो व्यक्तित्व मानिएका बालेनले वैकल्पिक राजनीतिक शक्तिको रूपमा उदीयमान रास्वपासँग समायोजन हुन धेरै सहज महसुस गरे । रास्वपाले जेनजीका मागलाई विशेष महत्व दिँदै स्वामित्वमा लियो र निर्वाचनको मुख्य एजेण्डा नै बनायो । अधिकांश जेनजी आन्दोलनका हिस्साहरू पनि सोही पार्टीमा समाहित भए ।

आन्दोलनको नेतृत्व गरेका थुप्रै प्रत्यक्षतर्फ नै उम्मेदवार बनेका थिए । राजनीतिमा लामो योगदान, संघर्ष वा बलिदान भए पनि उनीहरू सामाजिक सञ्जालमा ट्रेन्डिङमा थिए । त्यसैले परम्परागत पार्टीका नेताहरू भन्थे, 'सामाजिक सञ्जालमा चर्चित अनुहार त्यतै खुम्चिनेछन् । बंगलादेशमा जस्तै यहाँ पनि मतदाताले परम्परागत राजनीतिक दललाई नै पुन: अनुमोदन गर्नेछन् ।' तर भइदियो उल्टो । परम्परागत शक्तिहरू निकै सानो आकारमा खुम्चिंदा रास्वपा झन्डै दुईतिहाइ बहुमतको शक्ति बनेर संसद् पुग्यो । माथि नै चर्चा गरिसकिएको छ, जेनजी आन्दोलनपछि धेरै मुलुकमा यस्तो हुन सकेन । नेपाल अपवाद जस्तै बन्यो । अझ भन्ने हो भने सामाजिक सञ्जालद्वारा प्रेरित सुशासन, पारदर्शिता, आर्थिक अवसर र अभिव्यक्ति स्वतन्त्रताको पक्षमा भएका अन्य आन्दोलनहरू जनअनुमोदित हुन नसक्दा नेपालको हकमा भने बहुसंख्यक नेपाली मतदाताले त्यसलाई अपनत्व स्थापित गरिदिए ।

निर्वाचनको परिणामले नेपालको इतिहासमा २०४६ सालको बहुदलीय लोकतन्त्रको पुनर्स्थापनापछि पहिलो पटक स्थापित राजनीतिक दलहरूको अधोगतिको संकेत देखाएको छ । धेरैले रास्वपाका नेता रवि लामिछाने र बालेन्द्र शाहका व्यक्तिगत प्रभाव र सामाजिक सञ्जालको प्रवाहका कारणले यो जनादेश प्राप्त भएको तर्क गरेका छन् । तर नवनिर्वाचित केही रास्वपाका नेताहरूले भने पहिलो पटक मिडिया सामना गर्दा नै दुई नेताहरू शाह र लामिछानेकै लोकप्रियताको कारणले मात्रै यो शानदार जित हासिल गरेको बुझाइलाई अस्वीकार गरेका छन् । बरु यसलाई जनताले चाहेको परिवर्तनको पक्षमा आएको जनलहरको रूपमा स्वीकार गरेका छन् । यसको बुझाइमा आएको वैचारिक मतमा फरक आए पनि यस निर्वाचनले मुलुकलाई यथास्थितिको अवस्था (स्ट्याटस) बाट बाहिर ल्याएको छ । साथै, यो निर्वाचनले नयाँ अनुहारहरूसँगै आशाको सगरमाथा, बाचा, निराशा र महत्वाकांक्षा समेत एकसाथ लिएर सरकारको बाटो तय गर्दैछ ।

अब म मध्य-पूर्व क्षेत्रतिरको अवस्था केही उल्लेख गर्न चाहन्छु । यो विषय जोड्नुको कारण उक्त क्षेत्रमा तीव्र रूपमा बढिरहेको इजरायल, इरान र अमेरिका बीचको तनावको गम्भीरतासँगै त्यहाँ रहेका लगभग १८ लाख नेपाली जसले पछिल्लो निर्वाचनमा सामाजिक सञ्जाल र संवाद मार्फत आफ्ना नेपालमा भएका परिवारहरूलाई परिवर्तनको पक्षमा मतदान गर्न व्यापक आह्वान नै गरेका थिए । संसारभर छरिएर रहेका नेपालीले मताधिकारबाट वञ्चित रहनु परे पनि 'भर्चुअल' तवरबाटै मुलुकमा युवाले ल्याएको नयाँ परिवर्तन र जनताको विजयको सामूहिक साक्षी बनेका छन् ।

निर्वाचनपछि बन्ने सरकारले कस्तो आन्तरिक, आर्थिक र अन्तर्राष्ट्रिय नीति र कार्ययोजना अवलम्बन गर्नेछ भन्ने विचार र विमर्श शुरु भइसकेको छ । यसै साता बालेन्द्र शाह प्रधानमन्त्री बन्दैछन् । रास्वपाको वाचापत्रमा उल्लेख गरिएअनुसार राज्यव्यवस्था र संरचनागत परिवर्तनलाई लिएर वर्तमान अस्तित्वमा रहेका ढाँचालाई नै निरन्तरता दिइने जस्तो बुझ्न सकिन्छ । संविधान संशोधनको विषयमा रास्वपाको दृष्टिकोण अन्य दलको भन्दा फरक देखिन्छ । राष्ट्रिय नीतिहरूको अवलम्बनमा नयाँपन भन्दा पनि राजनीतिक व्यवहार र जिम्मेवारी सहित संस्कार बोकेर काम गर्ने जस्तो देखिन्छ । युवा शक्ति धेरै रहेको यस मुलुकमा उनीहरू नै नेतृत्वदायी भूमिकामा आएका छन् । यसले राज्यको आगामी योजना युवामैत्री हुने अनुमान गर्न सकिन्छ ।

सरकारका प्रारम्भिक दिनहरू कार्यभारका कुरामा भने नयाँ प्रतिनिधिहरूलाई केही हदसम्म चुनौतीपूर्ण नै देखिन्छ । शायद यसै विषयलाई मध्यनजर गरी रास्वपाले आफ्ना नवनिर्वाचित जनप्रतिनिधिहरूलाई अभिमुखीकरण कार्यक्रमको समेत आयोजना गरेको छ । विधिको शासनको प्रत्याभूति जनताले तब मात्रै गर्न सक्छन् जहाँ नेता, कर्मचारीतन्त्र/राज्यको संरचना र आम नागरिकको सामूहिक प्रयासमा विधिको शासन सुशासनलाई कुशल प्रशासनभन्दा माथि नेपालको सशक्तीकरणको मुख्य सूचकको रूपमा अगाडि सारिन्छ ।

संसदीय प्रणालीमा प्रशासनिक संयन्त्र 'ब्युरोक्रेसी'ले मुख्य भूमिका खेल्छ जहाँ राज्यको संरचना व्यक्तिभन्दा महत्वपूर्ण हुन्छ । राजनीतिक समीकरणमा उतार-चढाव आए पनि राज्यका संरचनाहरू सधैं चलायमान हुन्छन् । समग्रमा, राष्ट्रिय नीतिमा कम्पास पूरै घुम्ने जस्तो भन्दा पनि कार्यसंस्कृति, जवाफदेहिता, आर्थिक पारदर्शिता र सेवाप्रवाहमा लक्षित हुने कुरा बुझ्नुपर्छ । चुनावी वाचापत्र र पार्टीको अन्तर्राष्ट्रिय मामिला विभागको दस्तावेजहरूको अध्ययन गर्दा परराष्ट्रनीतीमा जुन जग बसाइएको छ त्यसैको आधारमा परम्परागत मूल्यमान्यतालाई नै विशेष स्थान दिन खोजेको देखिन्छ । जसमा एशियाकेन्द्रित उदाउँदो अर्थतन्त्रबाट नेपालले परम्परागत 'बफर' क्षेत्रबाट उठेर दक्षिण छिमेकी भारत र उत्तर छिमेकी चीनलाई लक्षित गरी 'भाइब्रेन्ट पुल' को रूपमा काम गर्ने उल्लेख गरिएको छ । एक चीन नीतिलाई निरन्तरता दिने उल्लेख गरिएको छ ।

संयुक्त राष्ट्रसंघको बडापत्र र मान्यतामा आधारित विश्व व्यवस्थालाई अवलम्बन गर्ने उल्लेख गरिएको छ । पञ्चशील र असंलग्न नीतिलाई विदेश नीतिको आधार मानिएको छ भने गतिशील कूटनीतिका माध्यमबाट अन्य देशहरूसँग सम्बन्ध बढाउने उल्लेख गरिएको छ । राजा वीरेन्द्रकालीन नेपालको शान्ति क्षेत्रको विषयमा ध्यान दिन खोजिएको छ । समग्रमा, नेपालको संवैधानिक सिद्धान्तद्वारा निर्देशित विषयलाई नै जस्ताको त्यस्तै निरन्तरता दिने अनुमान गर्न सकिन्छ । अहिलेको अपूर्ण विश्व व्यवस्थाको विषयमा त हामीलाई अवगत नै छ । अझै यसलाई यसरी बुझौं, हामी एक तवरले असामान्य, दिशाहीन अथवा विभिन्न विश्व व्यवस्थाको बीचमा छौं । पछिल्ला केही वर्षमा मात्रै १० औंको संख्यामा राष्ट्रहरू बीच ठूलठूला संघर्षहरू भएका छन् । जसमध्ये युक्रेन र युरोपेली सुरक्षा, इजरायल-प्यालेस्टाइन, अमेरिका र मेक्सिको, हाइटी, कोरियाली प्रायद्वीप, इजरायल-इरान-अमेरिका र अमेरिका-चीन व्यापार द्वन्द्व जस्ता संघर्षहरूको अन्तरसम्बन्ध द्वन्द्वहरूले अनपेक्षित परिणाम निम्त्याउन सक्ने देखिन्छ ।

करिब हजार वर्षअघि भारतीय दार्शनिक कौटिल्य जसलाई चाणक्य पनि भनिन्छ, उनले मूल्यमा आधारित राजनीतिक यथार्थवादको आफ्नो महान् ग्रन्थ अर्थशास्त्रमा उल्लेख गरेका थिए । जसको अन्तर्राष्ट्रिय प्रणाली प्रतिस्पर्धात्मक र स्वार्थद्वारा प्रेरित रहेको हुन्छ । आज हामी साक्षी बनेको विश्व व्यवस्थामा चाणक्यको अर्थशास्त्रमा उद्धृत भनाइहरू धेरै सार्थक देखिन्छन् । आजको भू-राजनीति ठ्याक्कै ठूला शक्तिहरूको प्रतिस्पर्धा बीच प्रधान रहेको छ । परिणामस्वरुप नियम र मूल्यमा आधारित अन्तर्राष्ट्रिय व्यवस्थामाथि सबैभन्दा ठूलो खतरा बढेको छ ।

विश्व अर्थतन्त्रको भाग हेर्दा, ग्रेट ब्रिटेनको साम्राज्यवादको शुरु १६औं शताब्दीबाट एशियादेखि पश्चिम सोफिएको अर्थतन्त्र करिब ५०० वर्षपछि एशियामा केन्द्रित हुँदैछ । जसमा नेपालका दुई छिमेकीहरू चीन दोस्रो र भारत चौथो आर्थिक शक्तिको रूपमा उदीयमान छन् । त्यस्तै, विश्वको दुईतिहाइ वृद्धि र विकास अमेरिका र चीन बाहिरका क्षेत्रमा भइरहेका छन् । विभिन्न महादेशमा अवस्थित ठूलो संख्यामा रहेका देशहरू कुनै पनि हस्तक्षेपको प्रभावमा नपरी, सार्वभौम रही मुलुकको अर्थतन्त्रमा फड्को मार्न चाहन्छन् । समृद्ध बन्न चाहन्छन् । यस्ता मुलुकहरू जो कुनै एक शक्तिसँग पूर्ण रूपमा आर्थिक र रणनीतिक तवरले निर्भर रहँदैन विशेष गरी ठूला शक्तिशाली देशहरूसँग ।

तेस्रो विश्वका मुलुकहरू, ग्लोबल साउथका लागि चीनसँगै भारत, जर्मनी, फ्रान्स र ब्राजिल लगायत देशहरू वर्तमान विश्वमा विशेष शक्तिका रूपमा उदीयमान छन् । नेपाल जस्तो भू-राजनीतिक सीमितता भएका देशहरूले आफ्नो अस्तित्व रक्षासँगै अर्थतन्त्रलाई चलायमान राख्न यी माध्यमबाट शक्तिशाली देशहरूसँग बहु-आयामिक क्षेत्रहरूमा व्यापक रूपमा संलग्न हुन सक्नुपर्छ । क्षेत्रीय संगठनहरू जस्तै, ब्रिक्स प्लस, जी-ट्वेन्टी, दक्षिण पूर्वी एशियाली राष्ट्रहरूको संगठन व्यापक चलायमान रहेका छन् । मंगोलिया र सिङ्गापुर जस्ता अत्यन्त रणनीतिक महत्वपूर्ण क्षेत्रहरूले तेस्रो छिमेकी नीति जस्तै, मंगोलियाको उत्तरमा रूस र दक्षिण, पूर्व र पश्चिममा चीन अवस्थित रहेको हुँदा यस भू-परिवेष्टित विशाल राष्ट्रले आफ्ना दुई छिमेकी रूस र चीनसँगै समानान्तर रूपमा संयुक्त राज्य अमेरिकासँग पनि सम्बन्ध बढाएको छ । मंगोलियाले तेस्रो छिमेकी नीति मार्फत र सिंगापुरको हकमा रक्षा नीतिलाई केन्द्रमा राखी हेड्ट्जिङ्ग रणनीतिलाई अवलम्बन गरेका छन् ।

नेपालको हकमा, हामीले २०१५ सालको संविधान जारी भएपश्चात् शुरु भएको मधेश विद्रोहसँगै भारतले नेपाललाई अनौपचारिक रूपमा नाकाबन्दी लगाएको थियो । नेपालको दक्षिण छिमेकी भारतसँग मात्रै रहेको आर्थिक अत्यधिक निर्भरता र नाकाबन्दीको कारणले आफ्नो अर्थतन्त्रमा ठूलो संकटको स्थिति सामना गर्नुपऱ्यो । परिणाम, नेपालले उत्तरी छिमेक चीनसँग नाकाबन्दीका कारण उत्पन्न तनावलाई न्यूनीकरण गर्ने उद्देश्यले सम्बन्ध बढायो । पछिल्लो एक दशकमा नेपाल-चीन सम्बन्धमा सराहनीय रूपान्तरण भएका छन् । चीन नेपालको लागि वर्तमान अवस्थामा सबैभन्दा भरपर्दो अन्तर्राष्ट्रिय साझेदार हो । नेपाल-भारतको पछिल्लो दश वर्षको सम्बन्ध भने सीमा सम्बन्धी विवादका बाबजुद परम्पराजन्य नै रह्यो तर यी दुई देशको सरकार-सरकार बीचको सम्बन्ध भने हिचकिचाहटपूर्ण रह्यो ।

नेपालले पछिल्लो समय हेड्ट्जिङ्ग रणनीतिलाई राम्रैसँग अपनाएको देखिन्छ । दुई छिमेकी भारत-चीन र तेस्रो मित्र राष्ट्र अमेरिकासँग नेपालको राष्ट्रिय स्वार्थमा निहित हुने गरी गतिशील कूटनीतिका माध्यमबाट विदेश नीतिका साधनहरू अगाडि सारिएको छ । यसमा राज्यको विदेश नीति कार्यान्वयन गर्ने जिम्मेवारीमा रहेका व्यक्तित्वहरूको विशेष योगदान रहेको छ । नयाँ सरकारले अवलम्बन गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति/कार्यक्रमलाई विशेष चासोका साथ हेरिएको छ । रास्वपाबाट दुई कार्यकाल सांसद बनिसकेका शिशिर खनालले भारतको एक राष्ट्रिय दैनिकमा दिएको अन्तर्वार्तामा आगामी दिनमा नेपाल-भारत सम्बन्ध नयाँ उचाइमा पुग्ने विश्वास प्रकट गरेका छन् । नेपाल-भारत बीचको सीमा विवाद पनि राजनीतिक टकरावबाट नभई गतिशील कूटनीतिको माध्यमबाट समाधानको बाटोतर्फ अगाडि बढ्ने मानिएको छ ।

नयाँ सरकारले बीआरआई फ्रेमवर्कमा सहभागी हुने योजना नरहेको बताएको छ । जुन विषयलाई चीनसँगको सम्बन्धमा नयाँ सरकारले लिएको नयाँ मोडको रूपमा बुझ्न सकिन्छ । खनालले केपी शर्मा ओली नेतृत्वको सरकारले बीआरआई परियोजनालाई आन्तरिक राजनीतिमा कार्डको रूपमा मात्रै प्रयोग गरेको तर्क पनि गरेका छन् । बरु प्रत्येक परियोजनाको समीक्षा गरी अहिले नेपालमा ती परियोजनाहरूको सम्भाव्यता, वित्तीय मोडालिटी र प्रतिफलका आधारमा निर्णय लिने बताएका छन् । यस्ता अभिव्यक्तिहरूले नेपाल-भारत सम्बन्धमा नाटकीय रूपमा सकारात्मक परिवर्तन आउनसक्ने अनुमान गर्न सकिन्छ । अन्त्यमा, नेपालले आगामी दिनमा अपनाउने राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्ययोजना, राजनीतिक व्यवहार र नेतृत्वको अभिव्यक्तिले देश भित्र र बाहिर रहेका नेपालीलाई प्रत्यक्ष र परोक्ष प्रभाव पार्नेछ । पछिल्लो विश्व मानचित्रमा शक्तिशाली राष्ट्रहरू बीच उत्पन्न भएका शक्ति संघर्षहरूमा नेपाली जोडिन पुगेका छन् । अहिले ठूलो संख्यामा नेपाली विश्वव्यापी प्रणालीको हिस्सा बनेका छन् । शक्तिसम्पन्न राष्ट्रहरू बीचको बढ्दो शक्ति संघर्षका बाछिटाहरूबाट हामी अप्रभावित रहन सक्दैनौं । तसर्थ, हामीले ३६० डिग्री दृष्टिकोण बनाएर सतर्कतापूर्वक आजको असामान्य अवस्थासँग समानान्तर रूपमा अगाडि बढ्न सक्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# आगामी सरकारका महत्वपूर्ण एजेन्डाहरू

✍ कृष्णहरि बास्कोटा

अबको केही दिनभित्रै गठन हुने सरकारले तत्कालै सम्पादन गर्नुपर्ने केही महत्वपूर्ण एजेन्डा प्रस्ताव गर्दै छु । नागढुंगाको सुरुङमार्ग तयार भएको छ । त्यहाँ सेवाशुल्क उठाउने र व्यवस्थापन गर्ने कार्यको ठेक्का लाग्दै छ । सो ठेक्का नलागुन्जेल ट्राफिक प्रहरीको सहयोगमा केही दिनका लागि सो सुरुङमार्ग नि:शुल्करुपमा प्रयोग गर्ने गरी खुल्ला गरिदिनुपर्छ । काठमाडौंको कालिमाटीदेखि टेकु जोड्ने पुल निर्माण सम्पन्न भएको धेरै भयो तर सञ्चालनमा आएको छैन । ठेकेदारसँग कुनै मुद्दामामिला भएपछि ठहरेबमोजिम हुने गरी तत्कालदेखि पुल सञ्चालनमा ल्याउनुपर्छ ।

मरिण डाइभर्सन तयार भएको छ । त्यहाँबाट पानी छोडिदिएमा सिंचाइ सुविधा पुग्ने हुँदा यसलाई तत्कालै सञ्चालन गर्ने विधि र प्रक्रियामा जानुपर्छ । यसै गरी, कर्णाली-बबई डाइभर्सनमा सुरुङमार्ग तयार भइसकेको छ । त्यहाँबाट करिब ४५ मे.वा. जलविद्युत् उत्पादन हुने र प्रशस्त जमिनमा सिंचाइ सुविधा पुग्ने हुँदा यस काममा पनि कुनै किसिमको ढिलाइ गरिनुहुँदैन । पाल्पा जाने सिद्धबाबा सुरुङमार्गको पनि अधिकांश काम सम्पन्न भएको छ । यसलाई पनि तत्कालै सञ्चालनमा ल्याउने गरी काम अघि बढ्नुपर्छ । हाल नेपाली सेनाले काठमाडौंलाई तराईसँग जोड्ने फास्ट ट्र्याक निर्माण गरिरहेको छ । यसमा सेनासँग सहकार्य गरी करिब १ वर्षमा सञ्चालनमा ल्याउने गरी काम गर्नुपर्छ । यसका लागि आवश्यक बजेट दिनुपर्छ । नेपाली सेनाले ३ देखि ५ किमिको टुक्रा बनाई १५-२० जना ठेकेदार परिचालन गर्ने हो भने यो काम करिब एक वर्षमा सम्पन्न हुन सक्छ । यसमा खोकनालगायतमा भइरहेको विवाद पनि तत्कालै टुंगोमा पुऱ्याइदिनुपर्छ । यस राजमार्गको निर्माणले काठमाडौंलगायतको ढुवानी भाडा कम भई महँगी नियन्त्रणमा सघाउ पुग्नेछ ।

धुनिखेलस्थित खाबा सडकखण्डको करिब ४ किमिले दु:ख दिएको धेरै वर्ष भयो । यसमा ठेक्का पनि लागिसकेको छ । यसर्थ, यो खण्डको सडक कालोपत्रे गर्ने काम केही दिनमै सम्पन्न गर्न कोशिश गर्नुपर्छ । यसै गरी, कलंकीदेखि चाबहिलसम्मको चक्रपथ सडक निर्माणका लागि ठेकेदारलाई दिने सुविधासम्बन्धी निर्णय भइसकेको छ । यसर्थ, ठेकेदारलाई परिचालन गरी तत्कालैदेखि युद्धस्तरमा निर्माणको काम गराउनुपर्छ । यस अतिरिक्त, सूर्यविनायकदेखि धुलिखेलसम्मको सडक पनि निर्माणधीन अवस्थामा छ ।

यसमा काम गर्ने ठेकेदारलाई उत्प्रेरित गरी तत्कालै कार्य सम्पन्न गर्ने रणनीति बनाउनुपर्छ । साथै, कोटेश्वरबाट गट्ठाघर जाने सडकमा अन्डर पास बनाउनुपर्छ । प्राविधिक रुपमा यो सम्भव नभए हालको सडकलाई मनोहरा खोलाबाट डाइभर्सन गरी सञ्चालनमा ल्याउनुपर्छ । यसबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग विस्तार गर्न सकिन्छ । चितवन र मूलपानीमा निर्माणाधीन क्रिकेट मैदानलाई तत्कालै सञ्चालनमा ल्याउनुपर्छ । यी र यसमा तत्कालै निर्माण गर्न सकिने थुप्रै आयोजना छन् । यिनको सूची तयार गरी आगामी सरकारले पहिलो एक वर्षभित्र ती आयोजनाहरु सम्पन्न गर्ने रणनीतिसहित अघि बढ्नुपर्छ ।

कैयौं देशमा सो देशको राष्ट्रिय झन्डा आम नागरिकले प्रयोग गर्न पाउँछन् । यसबाट राष्ट्रियताको भावनामा अभिवृद्धि हुने कुरा अनुभवले बताएको छ । यसर्थ, आम नेपाली जनताले पनि राष्ट्रिय झन्डाको उपयोग गर्न पाउने गरी कानुनी व्यवस्था गर्नुपर्छ । यसमा तोकिएका सर्तहरु पालना गर्नु आम नागरिकको कर्तव्य हुनेछ । यो मुलुकलाई मदिरा सेवनले अचाक्ली बिगार गरेको छ । यसर्थ, यसको नियन्त्रण गर्नुपर्छ । यसका लागि 'ड्राइ ल' निर्माण गरी लागू गर्नुपर्छ । आम युवामा राष्ट्रियताको भावना मजबुत तुल्याउन स्नातक तहको पढाइमा ६ महिना र स्नातकोत्तर तहको पढाइमा १ वर्ष सरकारी सेवामा इन्टर्न गर्ने व्यवस्था मिलाउनुपर्छ । यसका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, निजी क्षेत्र र गैरसरकारी क्षेत्रलाई कोटा तोकिदिनुपर्छ । तोकिएको कोटामा तिनले रोजगारी उपलब्ध गराउनुपर्छ । हाल नेपालमा विद्यमान फजुल खर्च नियन्त्रण गर्नुपर्छ । यसका लागि व्रतबन्ध, विवाहलगायतका समारोहमा नातेदारलाई मात्रै आमन्त्रित गर्न पाउने कानुनी व्यवस्था गर्नुपर्छ । विशेष प्रयोजनबाहेक मानिस र जनावर प्रयोग हुने हलो, बयलगाडा, ठेलागाडा, टाँगा, रिक्साको सञ्चालनमा रोक लगाउनुपर्छ । खेती किसानीका लागि मिनी ट्र्याक्टर, जिरो टिलर, हार्भेस्टर, रिपर आदिको प्रयोग बढाउनुपर्छ । शिक्षामा अर्न एन्ड लर्नको माध्यमद्वारा स्वरोजगारीको अवसर बढाउनुपर्छ । यसबाट वैदेशिक रोजगारी स्वत: कम हुनेछ । रेस्टुरेन्टलगायतका सार्वजनिक स्थानका शौचालयलाई आम नागरिकले नि:शुल्क उपयोग गर्न मिल्ने बनाउनुपर्छ । *(साभार: न्यूज अफ नेपाल)*

# लिपुलेक नाकाबाट व्यापार गर्ने भारत-चीनको तयारी, नेपालको के होला प्रतिक्रिया ?

काठमाडौं/भारतले नेपाली भूमि लिपुलेक हुँदै चीनसँग व्यापार गर्ने तयारी गरेको सार्वजनिक भइसक्दा पनि नेपाल सरकारले यसबारे आफ्नो धारणा राखेको छैन । समाचार एजेन्सी प्रेस ट्रस्ट अफ इन्डिया (पीटीआई)ले गत चैत ६ गते भारतका विदेश सचिव विक्रम मिश्रीले उत्तराखण्डका मुख्यसचिव अनन्द बर्धनलाई पत्र लेखेर लिपुलेक पासबाट व्यापार पुनःस्थापित गर्न भनेको उल्लेख गरेको थियो ।




नेपालले महाकाली पूर्वका कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायतका भूभाग आफ्नो भएको बताउँदै आएको छ । नेपाल र ब्रिटीश भारत बीच सन् १८१६ मा भएको सुगौली सन्धि अनुसार काली (महाकाली) पूर्वका सम्पूर्ण भूभाग नेपालको हो । त्यही भूभाग अन्तर्गतको लिपुलेक पास हुँदै भारतले चीनसँग आगामी जुनदेखि व्यापार गर्न लागेको पीटीआईले उल्लेख गरेको छ । यो विषयमा नेपाल सरकारले आफ्नो धारणा सार्वजनिक गर्दै वार्ताबाट निकास खोज्नुपर्ने कूटनीतिक मामिलाका जानकारहरू बताउँछन् ।

पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवाली नेपाल सरकारले लिपुलेक पासको विषयमा बेइजिङ र नयाँ दिल्लीलाई आफ्नो अडान प्रष्टसँग राख्नु पर्ने बताउँछन् । उनी भन्छन्, 'यस विषयमा सरकारले आफ्नो पोजिसन र मान्यता स्पष्ट पार्नुपर्छ । सन् २०१५ देखि नै हामीले त्यो नेपालको भूभाग हो र नेपालको सहमतिबिना कुनै पनि देशले त्यस ढंगको निर्णय गर्न मिल्दैन भनेर भन्दै आएको छौं ।'

पूर्वराजदूत दिनेश भट्टराई सीमा विवाद जस्तो संवेदनशील विषयमा सरकारले ढिलासुस्ती गर्न नहुनेमा जोड दिन्छन् । भट्टराई भन्छन्, 'यो सरकार धेरै चीजमा बोलिराखेकै छैन । नेपाली भूमिमा नजर लाग्दा चुप बस्न मिल्दैन ।'

**दुवै छिमेकी असंवेदनशील**

सन् २०१५ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमण पछि जारी ४१ बुँदे संयुक्त वक्तव्यको २८ औं बुँदामा नेपाली भूमि लिपुलेक प्रयोग सम्बन्धी विषय छ । जसमा मोदी र उनका चिनियाँ समकक्षी ली खछ्याङ बीच लिपुलेक पासलाई व्यापारिक तथा दुई देशको तीर्थयात्री आवत जावत गर्ने केन्द्र बनाउने सहमति भएको उल्लेख छ ।

दुई छिमेकीले सोध्दै नसोधी आफ्नो भूमि प्रयोग गरेको भन्दै नेपाल सरकारले दुबै देशलाई असहमति जनाएर पत्र पठाएको त्यतिबेलाका प्रधानमन्त्री सुशील कोइरालाका परराष्ट्र मामिला विज्ञ दिनेश भट्टराई बताउँछन् ।

उनी भन्छन्, 'हाम्रो सहमति बिना, हामीसँग सल्लाहै नगरी हाम्रो भूमि प्रयोग गर्ने कुरा तपाईंहरूको वक्तव्यमा परेको छ । त्यो हामीलाई स्वीकार छैन । त्यसलाई तपाईंहरूले सच्याउनुस् भनेर त्यतिबेला भारत र चीन दुवैलाई प्रोटेस्ट नोट पठाएका थियौं ।' तत्कालीन प्रधानमन्त्री कोइरालाले टेलिफोनबाट समेत यो विषयमा असहमति राखेको भट्टराई स्मरण गर्छन् ।

२०२४ डिसेम्बरमा भारत र चीनले कोभिड-१९ का कारण सन् २०२० देखि रोकिएको कैलाश-मानसरोवर तीर्थालु आवतजावतलाई निरन्तरता दिने सहमति गरेका थिए । भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभल र चीनका विदेशमन्त्री वाङ वी सहभागी बैठकले दुई देशबीचको तीर्थयात्री आउजाउ केन्द्र बनाउने सहमति गरेको लिपुलेक नेपाली भूमि हो । त्यतिबेला नेपाल सरकारले कुनै प्रतिक्रिया जनाएको थिएन ।

गत अगस्टमा चीनका विदेशमन्त्री वाङ वी र भारतका विदेशमन्त्री एस. जयशंकर बीचको भेटवार्तामा दुई देशबीच सीमा व्यापार सञ्चालन गर्ने सहमति गरेका थिए । त्यतिबेला भने नेपालले तत्काल विरोध जनाएको थियो । नेपालले भारत सरकारलाई लिपुलेक लगायतका क्षेत्रमा सडक निर्माण-विस्तार, सीमा व्यापार जस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको स्मरण गराएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# ३१ जनाले गरे रक्तदान




साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/ बागमती प्रदेश मुख्य न्यायाधीवक्ता कार्यालय हेटौंडाको आयोजनामा रक्तदान कार्यक्रम भएको छ । मंगलबार हेटौंडा-४, बुद्धचोकमा कार्यालयको स्थापना दिवसको अवसरमा भएको रक्तदान कार्यक्रममा ३१ जनाले रक्तदान गरेका छन् । कार्यक्रममा रक्तसंचार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

केन्द्रमा अहिले रगतको माग बढी भएकाले आगामि दिनमा अभाव हुनसक्ने केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिए । आगामी दिनमा अब १८, १९, २० र २१ गते रक्तदान कार्यक्रम रहेको सापकोटाले बताएका छन् ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*






# चैत १३ देखि हेटौंडामा प्रदेशस्तरीय कृषि प्रदर्शनी



साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/यही चैत १३ गतेदेखि हेटौंडामा बागमती प्रदेशस्तरीय कृषि प्रदर्शनी मेला २०८२ हुने भएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघको कृषि प्रवर्द्धन समितिको संयोजनमा पहिलो कृषि प्रदर्शनीको रुपमा चैत १३ गतेदेखि १६ गतेसम्म कृषि प्रदर्शनी मेला हुन लागेको मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

बागमती प्रदेशभित्रका किसानको मनोबल उठाउन र युवाशक्तिलाई कृषिमा आकर्षित गर्न मेला गर्न लागिएको संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले बताए । पल्पसासदनमा हुने मेलाको उद्घाटन बागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकास मन्त्री मधुसुदन पौडेलले गर्ने उनले जानकारी दिए ।

प्रदर्शनीलाई थप आकर्षक बनाउन विभिन्न कलाकारको सांस्कृतिक प्रस्तुति रहने आयोजकले जनाएको छ । प्रदर्शनीमा स्टल शुल्क तथा प्रवेश नि:शुल्क गरिएको छ । सिन्धुली, रामेछाप, काभ्रे, काठमाडौं, चितवन र मकवानपुर जिल्लाका कृषक तथा कृषिउद्यमीले आफ्नो उत्पादनको प्रदर्शन तथा बिक्री वितरण गर्नेछन् । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष रानाभाटका अनुसार प्रदर्शनीमा करिब ४० वटा स्टल रहने छन् । स्टलमा कोदो, जुनेलो, फापरको पिठो, गेडागुडी, मह, मसला, बाँसका सामग्री, केराका परिकार, अचार, धुप, मस्यौरा, डेरी उत्पादन, च्याउ, माछा, कृषिउपकरण लगायतका विभिन्न स्थानीय उत्पादन राखिने मउवासंघ कृषि संयोजक निलम पाण्डेले जानकारी दिइन् ।

प्रदर्शनीले कृषिउपजको उत्पादन, विविधीकरण तथा बजारीकरणमा टेवा पुग्ने, कृषिफर्म दर्तालाई प्रोत्साहन गर्ने र किसानलाई आधुनिक कृषिप्रविधि तथा व्यावसायिक ज्ञानमा पहुँच बढाउने विश्वास आयोजकले लिएको छ । कृषि प्रदर्शनीका लागि बागमती प्रदेशको कृषि मन्त्रालय, हेटौंडा उपमहानगरपालिका र मउवा संघको आन्तरिक स्रोतबाट बजेट व्यवस्था गरिएको छ ।

# क्षयरोग दिवसका अवसरमा हेटौंडामा अन्तरक्रिया तथा प्रभातफेरी




साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/'हो, हामी क्षयरोग अन्त्य गर्छौं : राष्ट्रिय अभियान, हाम्रो योगदान' भन्ने नारा सहित विश्व क्षयरोग दिवस बागमती प्रदेशको राजधानी हेटौंडामा विभिन्न कार्यक्रमका साथ मनाइएको छ ।

नेपाल क्षयरोग निवारण संस्था, जिल्ला शाखा मकवानपुरको आयोजनामा प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको हो । संस्थाले बागमती प्रदेशका सामाजिक विकास मन्त्री कञ्चनचन्द्र वादेको उपस्थितिमा अन्तरक्रिया आयोजना गरेको छ । अन्तरक्रिया कार्यक्रममा मन्त्री वादेले क्षयरोगको उपचार सेवा तथा औषधि नि:शुल्क उपलब्ध भएकाले समयमै रोगको पहिचान गरी उपचार सुरुगर्न सबैलाई आग्रह गरे । उनले धूम्रपान तथा मद्यपान नगर्न, पोषणयुक्त आहार सेवन गर्न, बालबालिकालाई तोकिएको समयमा बीसीजी खोप लगाउन तथा रोगको संक्रमण अरुमा फैलिन नदिन सबै नागरिक सचेत रहनुपर्नेमा जोड दिए ।

उनले लगातार खोकी लाग्ने, खोकीमा रगत देखिने, अस्वाभाविकरुपमा तौल घट्ने, फोक्सोमा पीडा महसुस हुने, ज्वरो आउनेजस्ता लक्षण देखिएमा तुरुन्त स्वास्थ्य परीक्षण गराउन अनुरोध गरे । श्वासप्रश्वासका माध्यमबाट सजिलै सर्ने क्षयरोग मधुमेह, एचआईभी, मृगौला प्रत्यारोपण गरेका तथा क्यान्सरजस्ता रोगका कारण प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिमा छिटो फैलिन सक्ने बताइएको छ । नेपाल क्षयरोग निवारण संस्था, जिल्ला शाखा मकवानपुरका अध्यक्ष सजनलाल प्रधानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका सल्लाहकार ज्योतीरत्न बज्राचार्य, विजेन्द्र अग्रवाललगायतको आतिथ्यता रहेको जानकारी संस्थाका सचिव गंगाप्रसाद पौडेलले दिए । क्षयरोग दिवसको अवसरमा आयोजित प्रभातफेरी कार्यक्रममा हेटौंडा-४ स्थित आमसाई विद्यालयका विद्यार्थीको सहभागिता थियो ।

## चल अचल सम्पत्ती वा घर-जग्गा भाडामा दिंदा लिंदा अनिवार्य रूपमा सम्झौता गर्ने सम्बन्धी सूचना !

हेटौंडा उपमहानगरपालिका वडा नम्वर २ मा चल अचल सम्पत्ती वा घर जग्गा भाडामा दिने लिने सबैले अनिवार्य रूपमा ३ पुस्ते पारिवारिक विवरण उल्लेख गरि चल अचल सम्पत्ती वा घर जग्गा भाडा सम्झौता गरेर मात्र दिन लिन हुन सरोकारवाला सबैमा यो सूचना प्रकाशन गरिएको छ । सम्झौता नगरी भाडामा लिने दिने गरेको पाईएमा वा यस सम्बन्धमा कुनै समस्या आई परेमा सम्बन्धीत व्यक्ति नै जिम्मेवार हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिन्छ ।

**हेटौंडा उपमहानगरपालिका**
**२ नं. वडा कार्यालय**
**हेटौंडा, मकवानपुर**

# १७१ किलो गाँजासहित एक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/ मकवानपुर प्रहरीले ठूलो परिमाणमा लागुऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय मकवानपुरबाट खटिएको टोलीले मंगलबार बिहान मनहरी गाउँपालिका-९ क्षेत्रबाट राक्सिराङ गाउँपालिका-४, सितताक बस्ने २० वर्षीय अक्कलप्रसाद स्याङतानलाई १७१ किलो २१ ग्राम गाँजासहित पक्राउ गरेको हो ।

प्रहरीका अनुसार मनहरी-९ स्थित हरियाली सामुदायिक जंगलको भित्री बाटोमा राक्सिराङ गाउँपालिका-१ भाबरबाट मनहरी-९ खरङ्गा हुँदै पूर्वपश्चिम राजमार्गतर्फ आउँदै गरेको बा.१३ च २०१४ नम्बरको हात्ती गाडीलाई शंका लागि जाँच गर्ने क्रममा लागुऔषध गाँजा फेला परेको थियो । गाडीको पछाडिपट्टि लोड गरी ल्याइएको २७ प्याकेट गाँजा बरामद गरिएको मकवानपुरका प्रहरी नायवउपरीक्षक पुस्कर बोगटीले जानकारी दिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्था लि.
PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर । Palung, Makawanpur

### धितो सुरक्षणमा रहेको सम्पत्तिहरू लिलाम बिक्रीसम्वन्धी १५ दिने सूचना

*प्रकाशित मिति : २०८२/१२/११*

यस सहकारीबाट ऋण/कर्जा लिनुहुने तपशिलको ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज र अन्य दस्तुर संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा संस्थालाई तिर्न बुझाउन लिखित एवं मौखिक तर ताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपशिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संस्थाको कर्जा सुरक्षण स्वरुप रहेको तपशिलमा उल्लेखित चल अचल सम्पत्ति (जग्गा) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थाको प्रधान कार्यालय थाहानगरपालिका वार्ड नं. ४ मकवानपुरमा आई पुग्ने गरि गोप्य शिलबन्धि बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको समयभित्र संस्था समक्ष प्राप्त बोलपत्रहरु मिति २०८२।१२।२५ गते, दिनको ठिक ४:०० बजे संस्थाको प्रधान कार्यालय थाहा नगरपालिका वार्ड नं. ४ मकवानपुरमा खोलिनेछ । उक्तदिन समयमा उपस्थित हुनु हुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत संस्थाको नाममा जग्गा रोक्का गरिदिन हुने धितो धनी तथा ऋण सँग सम्वन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं । बोलपत्र फारम संस्थाको प्रधान कार्यालयबाट रु ५०० (फिर्ता नहुने गरि) तिरी खरिद गर्न सकिनेछ । बोलपत्रका साथ लिलाम सकार्न कवुल गरेको कुल अंकको १० प्रतिशत धरौटीबापत जम्मा गर्नुपर्ने छ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस संस्थाको प्रधान कार्यालय थानाबजार मकवानपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

| क.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :-** डम्बर बहादुर थिङ<br>बाजेको नाम : लाल बहादुर थिङ<br>बाबुको नाम : पदम बहादुर थिङ<br>ना.प्र.प.नं. ३१-१-७३-१६५२<br>जारी मिति: २०७३।०२।०७<br>ठेगाना: आग्रा-८, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम :-** तेज बहादुर थिङ<br>बाजेको नाम :- हस्त बहादुर थिङ<br>बाबुको नाम :- हर्क बहादुर थिङ<br>ना.प्र.प.नं. ११३८<br>जारी मिति: २०४४/१२/०२<br>ठेगाना: आग्रा ९, मकवानपुर |  | तेज बहादुर थिङको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला काभ्रेछाप ५ स्थित कि.नं. २५९, २५३, २४९, २४५, २४७ को क्रमश: ०-१२-२-०, ०-११-१-१, १-०-१-०, ०-१५-०-१, २-७-०-० को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | **नाम :** बबिता बिष्ट<br>बाबुको नाम : शिबजी थापा<br>पतिको नाम : बद्री बिष्ट<br>ना.प्र.प.नं. ३१३०२७/१८७<br>जारी मिति: २०३९/०३/०९<br>ठेगाना: दामन-३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** बद्री बिष्ट<br>बाबुको नाम: बलराम बिष्ट<br>बाजेको नाम: टेक बहादुर बिष्ट<br>ना.प्र.प.नं. ५२९ ना.म.<br>जारी मिति: २०४५/०१/१९<br>ठेगाना: दामन-३, मकवानपुर<br>**नाम:** शिबजी थापा<br>बाबुको नाम: टेक बहादुर थापा<br>बाजेको नाम: अमर बहादुर थापा<br>ना.प्र.प.नं: आग्रा २८९<br>जारि मिति: २०४३/०९/२३<br>ठेगाना: आग्रा-१, मकवानपुर | <br><br> | शिवजी थापाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ७ स्थित कि.नं. ९८२/९८० को क्षेत्रफल २-१३-०-२/ ५-०-१-० को जग्गा । |
| ३. | **नाम :** बच्चुराम के.सी<br>बाबुको नाम: मान बहादुर के.सी. (खत्री)<br>बाजेको नाम : भिमबहादुर खत्री<br>ना.प्र.प.नं. २७२४५<br>जारी मिति: २०६२।०९।१९<br>ठेगाना: दामन-६, मकवानपुर |  | बच्चुराम के.सी को नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स.वार्ड ३ स्थित कित्ता नं.९३४ को ०-८-३-० क्षेत्रफलको जग्गा र शिखरकोट गा.वि.स.वार्ड नं. ८ स्थित कित्ता नं. ३८० तथा ३८३ को क्रमश: ०-७-३-०, ०-१४-१-० क्षेत्रफल को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | **नाम :** देवा लामा<br>बाजेको नाम :जत्तु सिं लामा<br>बाबुको नाम : सुरज सिं लामा<br>ना.प्र.प.नं. ३१-०१-६९-०४६५०<br>जारी मिति: २०६९।०५।११<br>ठेगाना: हेटौंडा-९, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** सुरज सिं लामा<br>बाबुको नाम : जत्तु सिं लामा<br>बाजेको नाम :जगत सिं लामा<br>ना.प्र.प.नं. २५६४<br>जारी मिति: २०३९/०५/१६<br>ठेगाना: हेटौंडा-९, मकवानपुर | <br> | सुरज सिं लामा नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा उ.मा.न.पा. वार्ड नं ९ स्थित कि.नं. ९९६९ को क्षेत्रफल ०-०-१६-० (बिघा)को जग्गा । |
| ५. | **नाम :** रघुनाथ बर्तौला<br>बाबुको नाम : केशव प्रसाद बर्तौला<br>बाजेकोको नाम : चेतनाथ बर्तौलाा<br>ना.प्र.प.नं. ६१।४०४४१<br>जारी मिति: २०६३।०८।१३<br>ठेगाना: हाडिखोला गा.वि.स.९, मकवानपुर<br>हाल मनहरी गा.पा. ५, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** किशोर बर्तौला<br>बाबुको नाम : बिष्णु प्रसाद बर्तौला<br>बाजेकोको नाम : चेतनाथ बर्तौलाा<br>ना.प्र.प.नं. २९।११४७<br>जारी मिति: २०५९।३।१७<br>ठेगाना: हाडिखोला-९, मकवानपुर<br>हाल हेटौंडा ५, मकवानपुर | <br> | रघुनाथ बर्तौलाको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा उ.मा.न.पा. वार्ड नं ११ स्थित कि.नं. १३०९४ र १३०८८ को क्षेत्रफल ०-०-१.२५-०/०-०-६.५-० (बिघा)को जग्गा । |

**सम्पर्क:** पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको प्रधान कार्यालय, थाहा नगरपालिका वडा नं ४, थानाबजार, मकवानपुर फोन नं: ०५७-४०००५, ०५७-४०००६, ५२३९४६


## पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्था लि.
PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर । Palung, Makawanpur

### तपसिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना !

*प्रकाशित मिति : २०८२/१२/११*

यस सहकारी संस्थाबाट तपशिलका ऋणीहरुलाई तपशिलमा उल्लेख भएबमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने सावा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिंदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्वन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानूनबमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति बेचविखन गरी कर्जा रकम असूल उपर गरी लिइनेछ । सोबाट समेत असुलउपर हुनु पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानूनअनुसार तपाई ऋणीको अन्यचलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकमअसुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोही अनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

| क.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :** जमुना थापा<br>बाबुको नाम : बिष्णु बहादुर थापा<br>पतिको नाम : मनोहर अधिकारी<br>ना.प्र.प.नं. ८६५३/४४२<br>जारी मिति: २०५१/१२/२२<br>ठेगाना:: नैकाप २, काठमाण्डौं<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** मनोहर अधिकारी<br>बाबुको नाम : ईन्द्र बहादुर अधिकारी<br>बाजेकोको नाम : राम बहादुर<br>ना.प्र.प.नं. २१८९१<br>जारी मिति: २०४८/१०/०५<br>ठेगाना: दामन-६, मकवानपुर | <br> | मनोहर अधिकारीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला दामन गा.बि.स. वार्ड नं ३/८/७ स्थित कि.नं. ८६०/३३४/५४१/५३९/७७२ को क्षेत्रफल ०-१०-०-०/१-७-१-३/ ०-११-३-०/१-१५-१-०/१-६-३-० को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| २. | **नाम :** कल्पना विष्ट<br>बाबुको नाम : रण बहादुर खड्का<br>पतिको नाम : प्रेम बहादुर विष्ट<br>ना.प्र.प.नं. ३१३०३७/५६२<br>जारी मिति: २०६३/१०/१३<br>ठेगाना: दामन-५, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** प्रविण विष्ट<br>बाबुको नाम : प्रेम बहादुर विष्ट<br>बाजेकोको नाम : भिम बहादुर विष्ट<br>ठेगाना: दामन-५, मकवानपुर |  | कल्पना विष्टको नाउँमा मकवानपुर जिल्ला शिखरकोट गाविस वार्ड नं.५ स्थित कि.नं ५७३ र ५०५ को क्रमश: ०-१२-३-१.५, २-०-३-० र शिखरकोट गाविस वार्ड नं.४ स्थित कि.नं. ४९४ को १-१५-१-० को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | **नाम :** सोवर्ण कार्की<br>बाबुको नाम : गगन बहादुर कार्की<br>बाजेको नाम : गणेश बहादुर कार्की<br>ना.प्र.प.नं. : २७३<br>जारी मिति: २०४४/११/०५<br>ठेगाना: दामन-५, मकवानपुर |  | सोवर्ण कार्कीको नाउँमा मकवानपुर जिल्ला शिखरकोट गाविस वार्ड नं.३ स्थित कि.नं ९६६ र १०३५ को क्रमश: १-१-२-०, १-०-०-० को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | नाम : सुमन कार्की<br>बाबुको नाम : हरि प्रसाद कार्की<br>बाजेको नाम: अक्कवध्वज कार्की<br>ना.प्र.प.नं. ३०/१३१<br>जारी मिति: २०५३/०३/१०<br>ठेगाना: मनहरी-४, मकवानपुर<br>(हाल हेटौंडा-५, मकवानपुर)<br>**धितो मन्जुरी दिने मन्जुरी दिने**<br>**नाम :** भिम माया अधिकारी<br>बाबुको नाम : जय बहादुर खड्का<br>पतिको नाम : हरी बहादुर अधिकारी<br>ना.प्र.प.नं. ५५१८<br>जारी मिति: २०४६/८/१२<br>ठेगाना: हटीया-४ मकवानपुर<br>(हाल हेटौंडा-५, मकवानपुर) | <br> | भिम माया अधिकारीको नाउँमा मालपोत कार्यालय हेटौंडा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा न.पा. वार्ड नं ५ स्थित कि.नं. ८०३५ को क्षेत्रफल ०-०-४.५-० (बिघा)को जग्गार सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ५. | **नाम :** डिल कुमारी अर्याल ढकाल<br>बाबुको नाम : ओम प्रसाद अर्याल<br>पतिको नाम : विष्णु प्रसाद ढकाल<br>ना.प्र.प.नं. ५५५५<br>जारी मिति:<br>ठेगाना: पालुङ-५, मकवानपुर<br>**धितो मन्जुरी दिने**<br>**नाम :** मेन कुमारी ढकाल<br>ससुराको नाम : यज्ञ प्रसाद ढकाल<br>पतिको नाम : बद्रि प्रसाद ढकाल<br>ना.प्र.प.नं. ४०४<br>जारी मिति: २०४३/९/१८<br>ठेगाना:पालुङ-५, मकवानपुर | <br> | मेन कुमारी ढकालको नाउँमा मालपोत कार्यालय शिखरकोट मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको पालुङ गा.वि.स. वार्ड नं. ७ स्थित कि.नं.४४९ र ४५५ को क्रमश: क्षेत्रफल ०-१५-२-२, ०-२-२-३ को जग्गा, तथा पालुङ गा.वि.स. वार्ड नं. ५ स्थित कि.नं. १५० र १५१ को क्रमश क्षेत्रफल: २-६-३-१, २-७-१-० को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ६. | **नाम :** राजभाई गोपाली<br>बाबुको नाम : धनबहादुर गोपाली<br>बाजेको नाम : नारायण सिं गोपाली<br>ना.प्र.प.नं. : ५२०२/२६०८<br>ठेगाना: बज्रबाराही-६, मकवानपुर<br>**धितो मन्जुरी दिने**<br>**नाम :** गर्भमाया गोपाली<br>ससुराको नाम : धनबहादुर गोपाली<br>पतिको नाम : राजभाई गोपाली<br>ना.प्र.प.नं. ७४१<br>जारी मिति: २०४४/११/२<br>ठेगाना:बज्रबाराही-६,मकवानपुर | <br> | श्रीमती गर्भमाया गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोट मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको टिष्टुङ गा.वि.स. वार्ड नं. ३ स्थित कि.नं. २२०७ तथा २२२० को क्रमश: क्षेत्रफल ५-४-०-०, १-१०-०-० को जग्गा, र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ७. | **नाम :** हरि बहादुर गोपाली<br>बाबुको नाम : सूर्य बहादुर गोपाली<br>बाजेको नाम : शक्तविर गोपाली<br>ना.प्र.प.नं. : १३३२<br>जारी मिति : २०४५/०१/११<br>ठेगाना: चित्लाङ-६, मकवानपुर |  | हरि बहादुर गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोट मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको चित्लाङ गा.वि.स. वार्ड नं.८ स्थित कि.नं. १८७४, २१५६, २१५७ को क्षेत्रफल क्रमश: १-११-२-३, १-७-०-३ र १-७-०-३ को जग्गा, र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ८. | **नाम :** सचिन लामा<br>बाबुको नाम : बलराम बज्यु<br>हजुरबुबाको नाम : जमान सिं बज्यु<br>ना.प्र.प.नं. ३११०१५।७६५५७<br>जारी मिति: २०६७।०७।२४<br>ठेगाना: हेटौंडा १५, मकवानपुर<br>(साविक चरियामाई-३, मकवानपुर)<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** कमला लामिछाने<br>बाबुको नाम : हरिराम लामिछाने<br>पतिको नाम: सचिन लामा<br>ससुराको नाम : बलराम बज्यु<br>ना.प्र.प.नं. २७१०२८।८९५१८<br>जारी मिति: २०६८/०९/१९<br>नाम : हरि बहादुर गोपाली<br>बाबुको नाम : सुर्य बहादुर गोपाली<br>हजुरबुबाको नाम : शक्तविर गोपाली<br>ना.प्र.प.नं. १३३२<br>जारी मिति: २०४५/०१/११ | <br> | सचिन लामाको नाउँमा मालपोत कार्यालय हेटौंडा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं १ स्थित कि.नं. ३०३२ को क्षेत्रफल ०-०-१०-० (बिघा)को जग्गा । साथै हरि बहादुर गोपालीको नाउँमा क्र.सं ७ मा रहेको जग्गा समेत । |

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना